नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ६/२०७५-७६** मिति: २०७५/०५/३१

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र, २०७४ को ई.प्रा. परिपत्र : २१/२०७४ को बुँदा (२) मा देहाय बमोजिम संशोधन/परिमार्जन गरिएको छ ।**

(२) **इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले अमेरिकी तथा अस्ट्रेलियन डलर आयात गर्ने र नगद अमेरिकी तथा अस्ट्रेलियन डलर विक्री गर्दा Cash Handling Charge लिन पाउने सम्बन्धमा :**

नेपालमा भ्रमण गर्ने विदेशी पर्यटकले डेविट/केडिट कार्डजस्ता बैंकिङ उपकरणबाट भुक्तानी गर्ने प्रवृत्ति बढदै गएको र नेपाली नागरिकहरु विदेश भ्रमणमा जाँदा त्यस्तो उपकरणको प्रयोगमा अभ्यस्त भई नसकेको कारणले वाणिज्य बैंकहरुमा नगद अमेरिकी डलर र अस्ट्रेलियन डलर कम हुन गई प्रचलित व्यवस्था बमोजिम नगद अमेरिकी डलर र अस्ट्रेलियन डलर उपलब्ध. गराउन कठिनाई भएको सन्दर्भमा नगद अमेरिकी डलर र अस्ट्रेलियन डलरको आपूर्तिमा सहजता प्रदान गर्न देहाय बमोजिम व्यवस्था गरिएको छ ।

१. नगद अमेरिकी डलर र अस्ट्रेलियन डलरको व्यवस्थापन गर्न वाणिज्य बैंकहरु आफैले नगद अमेरिकी डलर र अस्ट्रेलियन डलर आयात गरी विक्री गर्न सक्नेछन् ।
२. यसरी आयात गर्दा नगद अमेरिकी डलरका नयाँ नोट (Fresh Note) र अस्ट्रेलियन डलरका सफा नोट (Clean Note) मात्र आयात गरी विक्री गर्नु पर्नेछ ।
३. बैंकले ग्राहकलाई नगद अमेरिकी डलर र नगद अस्ट्रेलियन डलर विक्री गर्दा प्रति अमेरिकी डलर वा प्रति अस्ट्रेलियन डलर अधिकतम ३० पैसासम्म Cash Handling Charge बापत लिन सक्नेछन् ।
४. नगद अमेरिकी डलर वा नगद अस्ट्रेलियन डलर माग गर्न आउने ग्राहकलाई सकेसम्म बैंकिङ्ग उपकरण मार्फत सटही दिन प्रोत्साहन गर्नु पर्नेछ ।

भवदीय

(ईश्वरीप्रसाद न्यौपाने)
का.मु.कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ